

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ। १००% ग्यारेन्टीका साथ समस्याको समाधान।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रविन्द्र पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ १२ गते शुक्रबार ❑ 26 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम जनतासँग जोड्नुपर्छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम जनतासँग जोडिनुपर्ने बताउनुभएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजना एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको सहजीकरणमा बिहीबार पोखरामा आयोजित नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार बीचको अन्तरक्रियामा उहाँले जनताको आर्थिक तथा सामाजिक पक्ष कसरी अभिवृद्धि गर्न सकिन्छ भन्नेतर्फ कार्यक्रम केन्द्रित हुनुपर्ने बताउनुभयो।




प्रदेश र स्थानीय तह मिलेर जनताको रोजगारी कार्यक्रम कसरी अघि बढाउन सकिन्छ भन्नेतर्फ लाग्नुपर्नेमा जोड दिँदै मुख्यमन्त्री पाण्डेले अबका कार्यक्रम आर्थिक अभिवृद्धिसँगै पूर्वाधारको विकास आदितर्फ केन्द्रित हुनुपर्ने बताउनुभयो।

कार्यक्रम सञ्चालन भइरहँदा स्वास्थ्यको क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै उहाँले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव डा कृष्णहरि पुस्करले सरोकारवाला बीचको छलफल एवं अन्तरक्रियाका आधारमा आगामी दिनमा कार्यक्रमलाई थप प्रभावकारी बनाउने गरी अघि बढाइने बताउनुभयो। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सम्बन्धमा जानकारी दिँदै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव स्कीम श्रेष्ठले यो कार्यक्रम संविधान बमोजिम सङ्घीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनमा केन्द्रित रहेको बताउनुभयो।

प्रदेश र स्थानीय शासन प्रणाली र प्रक्रिया एवं अन्तर सरकारी सम्बन्ध सुदृढ गरी नागरिकका लागि सहकारी सङ्घीयताका लाभ अभिवृद्धि गराउ कार्यक्रमको उद्देश्य रहेको उहाँले जानकारी दिनुभयो। प्रादेशिक तथा स्थानीय तहको क्षमता अभिवृद्धि गरी नागरिक सेवा र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउनु पनि कार्यक्रमको उद्देश्य रहेको उहाँले बताउनुभयो। गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्थ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयका सचिव मनमाया पंगेनी, नीति तथा योजना आयोग गण्डकी प्रदेशका उपाध्यक्ष डा कृष्ण देवकोटालगायतले कार्यक्रमलाई परिणाममुखी बनाउने किसिमले अघि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

## लिफ्टीङ खानेपानीको विद्युत महसुल नि:शुल्क गराउने मन्त्री तिवारीको घोषणा

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ



गण्डकी प्रदेशकी उर्जा जलश्रोत तथा खानेपानी मन्त्री सरस्वती अर्याल तिवारीले गण्डकी प्रदेश भित्र लिफ्टीङ खानेपानीको विद्युत महशुल निशुल्क गराउने बताएकी छन्।

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) ले बिहीबार पोखरामा आयोजना गरेको नेपालमा उर्जा उत्पादनको सम्भावना र गण्डकी प्रदेशको दिगो विकासको लागि उर्जा विषय छलफल कार्यक्रमको उद्घाटन गर्दै मन्त्री तिवारीले उक्त कुरा बताएकी हुन्।

अझै प्रदेशका २ हजार ८ सय ८४ घर धुरीमा विद्युत सेवा पुग्न बाँकी रहेको उनले बताइन्। गण्डकी प्रदेशलाई उज्ज्यालो प्रदेश बनाउने अभियान अन्तर्गत ९९.५ प्रतिशत विद्युत तथा सोलारलाइट सेवा पुगेको मन्त्री तिवारीले जनाइन्।

प्रदेश सरकारको यो अभियानलाई निजी क्षेत्रले समेत सहकार्य गरी आफ्नो सामाजिक उत्तरदाहित्व बोध गर्न उनले आग्रह गरिन्। विद्युत ऐन समयमै संसोधन नहुदा आन्तरिक बजार व्यबस्थापनदेखि उत्पादन भएको विद्युत बिक्री गर्न सम्म समस्या भएको मन्त्री तिवारीले बताइन्।

विद्युत क्षेत्रमा ठुलो बदमासी भएको आरोप लगाएकी उनले विद्युतको पोलमा अनावश्यक रुपमा इन्टरनेट र केवलका तारहरु झुण्डायर बजारमा अव्यबस्थित भएको जनाइन्। विद्युत पोलमा यसरी अन्य निजी क्षेत्रका तारहरु राख्नदिनु कति उचित हो भन्दै उनले प्रति प्रश्न समेत गरिन्।

इप्पानका अध्यक्ष कृष्ण आचार्यले नेपालको पानी समृद्धिको खानी भएको दाबी गरे। २०४९ सालदेखि हालसम्म करिब २९ बर्षको अन्तरालमा जलविद्युतको क्षेत्रमा निजी क्षेत्रले ठुलो लगानी गरेको दाबी गरे। गण्डकी प्रदेशका कुनै वडा वा पालिकालाई ग्याँस मुक्त क्षेत्र घोषणा गरी विद्युत पर्यटनको सम्भावनालाई उजागर गर्न अध्यक्ष आचार्यले आग्रह गरे।

इप्पान गण्डकीका अध्यक्ष जगत पोखरेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गण्डकी प्रदेशका सांसद, प्रदेशका केही गाँउपालिकाका अध्यक्ष, केही वडाका वडा अध्यक्ष, संचारकर्मी लगायतको सहभागिता रहेको थियो।

पुरानो विद्युत एन भएको कारण स्थानिय, प्रदेश र संघिय सरकारसंगको समन्वय सहकार्यको अभावमा धेरै आयोजनाहरु प्रभावित भएको बताइएको छ।

## पोखरामा शुक्रबारदेखि राष्ट्र संघको नमुना महासभा हुने

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

पोखरामा संयूक्त राष्ट्र संघको नमुना महासभा शुक्रबारबाट सुरु हुँदैछ। तीन दिनसम्म चल्ने पोखरा एमयूएन लेकसाइडमा हुन लागेका हो। युथ थिंकर्स सोसाइटी (वाइटिएस)ले आयोजना गर्न लागेको नमुना महासभा १५ जिल्लाका एक सय २० जना सहभागी हुने उल्लेख छ।




संस्थाका अध्यक्ष रिजन ढुंगानाले कार्यक्रममा सहभागी हुने डेलिगेट र भेन्युका सम्पूर्ण काम शुक्रबार नै पूरा भएको बताए। शुक्रबार बिहान १० बजेबाट सुरु हुने कार्यक्रम १४ गतेसम्म चल्ने ढुंगानाको भनाइ छ। 'देशभरका १५ जिल्लाबाट १ सय २० जना डेलिगेट कार्यक्रम सहभागी हुँदै हुनुहुन्छ,' ढुंगानाले भने, 'नमुना महासभामा पोखराका मेयर प्रमुख अतिथि र अमेरिकन दूतावासबाट एक जना प्रतिनिधि सहभागी हुनुहुनेछ।' विश्वले नमुना संयुक्त राष्ट्र सम्मेलन कसरी गर्छ ? यसको तयारी कसरी गर्ने लगायत विषयमा महासभामा सहभागीले विश्वव्यापी समस्याहरूको सम्भावित समाधानहरू प्रस्तुत गर्नेछन्। सहभागीहरुले तीन विषयमा केन्द्रित भएर महासभामा सहभागी हुनुपर्ने अध्यक्ष ढुंगानाको भनाइ छ। उनका अनुसार महासभाका डेलिगेटले आर्थिक मन्दी, फर्जी औषधीका कारण बढ्दै गएको खतराहरु र ई-वेस्टको सुरक्षित डिस्पोजल कसरी व्यवस्थापन गर्ने विषयमा केन्द्रित हुनेछ। सभामा संसदीय प्रक्रिया, नीतिगत छलफल, कूटनीति, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्र संघको बारेमा पनि जान्न सकिन्छ। सहभागीले अनुसन्धान, सार्वजनिक भाषण, बहस, लेखन र विशेष गरी आलोचनात्मक विश्लेषण सीपहरूको वृद्धि, कसरी गर्ने लगायतका विभिन्न प्रक्षेपण समेत प्रस्तुत गर्नेछन्। उनीहरुले शैक्षिक अनुभव मार्फत राष्ट्रिय तथा विश्वव्यापी मुद्दाहरूको उठाउँछ।

यसले साझा सरोकारका मुद्दाहरूलाई सम्बोधन गर्न प्लेटफर्महरूमा सामेल गर्ने ढुंगानाको भनाइ छ। मोडल युनाइटेड नेसन्स (एमयूएन) अन्तर्गत संयुक्त राष्ट्र संघको कार्यवाहीको एक शैक्षिक अनुकरण हो। यसरी नै छनोट हुँदै युवाहरुले संयुक्त राष्ट्र संघका विभिन्न समितिहरू जस्तै महासभा, सुरक्षा परिषद् आदिमा विभिन्न देशका प्रतिनिधिहरूको भूमिका खेल्छन सक्नेछन्।

## मुख्यमन्त्री पाण्डेद्वारा कांग्रेस जिल्ला पार्टी कार्यालय भवन शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाली कांग्रेस पार्टी कार्यालय भवनको शिलान्यास गर्नुभएको छ।

बैँसीसहर नगरपालिका-८ भिङ्गोखोलामा निर्माण हुन लागेको नेपाली कांग्रेस लमजुङको बिपी स्मृति भवन उहाँले बिहीबार शिलान्यास गुर्नभएको हो। सो अवसरमा मुख्यमन्त्री पाण्डेले प्रदेशको मुहार फेर्नेगरी गण्डकी प्रदेश सरकार विकासका कार्यक्रममा अघि बढेको दाबी गर्नुभयो। जनमुखी कार्यक्रम र बजेट निर्माणका लागि वर्तमान सरकार तयार रहेको उहाँको भनाइ छ। मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "वर्तमान सरकारले नागरिकको हितमा काम गर्छ, कुनै पनि नागरिकले प्रदेश सरकार नभएको आवास गर्नुपर्ने छैन।" सबैको प्रयास रहेमा बिपी स्मृति भवन निर्धारित समयमै सम्पन्न विश्वास उहाँको छ।

काग्रेस जिल्ला कार्य समिति लमजुङले निर्माण गर्नु लागेको उक्त भवन कूल ११ आनामा रहने छ भने करिब रु तीन करोड लागतमा निर्माण हुने बताइएको छ। चार तलाको निर्माण हुने उक्त भवन आगामी दुई वर्षभित्रमा सम्पन्न हुने लक्ष्य रहेको पार्टी प्रवक्ता गणेश गौलीको भनाइ छ। भवन


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कोरला नाकामा चाँडो भन्सार बन्नुपर्छ : अध्यक्ष तिमिल्सिना

पोखरापत्र संवाददाता
पोखरा, ११ जेठ

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले कोरला नाकामा चाँडो भन्सार कार्यालय बन्नुपर्ने बताउनुभएको छ।

चीन र भारत जोड्ने देशकै सबैभन्दा छोटो नाकाका रूपमा रहेको कालीगण्डकी करिडोर निर्माणको काम अन्तिम चरणमा पुगेको भन्दै उहाँले कोरलामा चाँडो भन्सार स्थापना गर्नुपर्ने बताउनुभएको हो।



राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको करिडोर निरीक्षणका लागि आज नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट आउनुभएका अध्यक्ष तिमिल्सिनाले चीनले भन्सार निर्माणको काम सकाएको उल्लेख गर्दै नेपालमा बल्ल जग्गा प्राप्ति भएको बताउनुभयो। "कोरलामा चीनतर्फ भन्सार निर्माणका लागि उनीहरूले सबै पूर्वाधार बनाइसकेका छन्", उहाँले भन्नुभयो, "नेपालमा जग्गा प्राप्तिको काम सकियो, तर अब निर्माण गर्ने कुरामा कमी भएको छ।" आफूले अर्थमन्त्री तथा प्रधानमन्त्रीलाई कोरलामा नेपालले चाँडै भन्सार कार्यालय निर्माणको काम गर्नुपर्ने जानकारी गराएको उहाँले बताउनुभयो। "यो करिडोर राष्ट्रिय गौरवको परियोजना हो", उहाँले भन्नुभयो, "यसबाट सामान्य आउजाउ मात्रै नभएर त्रिदेशीय व्यापारको लाभ नेपालले लिन सक्छ।" कोरला नाका धार्मिक पर्यटकीय मार्गसँगै व्यापारिक मार्ग पनि भएकाले सरकारले विशेष ध्यान दिनुपर्ने उहाँको भनाइ छ। उत्तरमा चीनको सिमाना कोरला जोड्ने यस करिडोरले दक्षिणमा नवलपुरको त्रिवेणी भन्सार कार्यालयबाट भारतसँग सीमा जोड्ने काम गरेको छ।

अध्यक्ष तिमिल्सिनाले कालिगण्डकी करिडोरको समग्र प्रगति राम्रो भएको भन्दै निर्माण कम्पनीले केही खण्डमा बेवास्ता गर्दा काम केही सुस्त गतिमा भएको बताउनुभयो। "अहिले पछिल्लो समय कामले केही गति लिएको छ, अबको तीन वर्षभित्र यस करिडोरको सम्पूर्ण निर्माणको काम पूरा हुनुपर्छ", उहाँले भनुभयो, "आयोजनाको काम ढिलो हुँदा लागत पनि बढ्छ, हामीले सेवा पनि ढिलो पाउँछौ। लागत बढी हुने कुरामा किन लाग्ने, त्यसैले काम छिटो गराउन सबै जना लाग्नुपर्छ।" यस करिडोर निर्माणको काम अन्तिम चरणमा पुगेको कालिगण्डकी करिडोर गैडाकोट-राम्दी-मालढुङ्गा सडक आयोजनाले जनाएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा-१४ लाई अन्तर वडास्तरीय फुटबलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

पोखरा महानगरपालिका खेलकुद विकास समितिले आयोजना गरेको अन्तर वडास्तरीय फुटबल प्रतियोगिताको उपाधि वडा नम्बर १४ ले हात पारेको छ।

पोखरा रंगशालामा बिहीबार भएको फाइनलमा वडा नम्बर १५ लाई ४-० गोलान्तरले हराउँदै वडा नम्बर १४ च्याम्पियन बनेको हो। आशिष कार्की, सिद्धान्त गुरूङ, प्रताप गुरूङ र यामबहादुर श्रेष्ठले गरेको गोलसँगै वडा नम्बर १४ ले उपाधि जितेको हो। यामबहादुर फाइनल खेलको म्यान अफ द म्याच घोषित भए।




विजेता वडा नम्बर १४ को टिमले एक लाख ५० हजार रूपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ। उपविजेता वडा नम्बर १५ को टिमले एक लाख रूपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो। वडा नम्बर १४ का आशिष कार्की प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी बने। उनले १५ हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाए।

वडा नम्बर १४ कै रामचन्द्र नेपाली उत्कृष्ट गोलरक्षक, निश्चल तुलाचन उत्कृष्ट डिफेन्डर, यामबहादुर श्रेष्ठ उत्कृष्ट मिडफिल्डर र ज्ञानेन्द्र भण्डारी उत्कृष्ट प्रशिक्षक घोषित भए। वडा नम्बर १५ का विशाल गुरूङ उत्कृष्ट फरवार्ड बने। उत्कृष्ट खेलाडी र प्रशिक्षकले ५/५ हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाए। पुरस्कार वितरणपछि बोल्दै महानगरपालिका प्रमुख धनराज आचार्यले खेलकुद क्षेत्रको विकास र खेलाडी उत्पादनमा महत्वपूर्ण हुने बताए। तल्लो तहमा हुने प्रतियोगितालाई महानगरपालिकाले विशेष प्राथमिकता दिने उनको भनाइ थियो। कास्की जिल्ला फुटबल संघको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा पोखरा महानगरपालिकाका ३३ मध्ये ३० वडाको सहभागिता थियो।

# रेडियो हेमजा एघारौं वर्षमा प्रवेश

**प्रेम बहादुर आले**
पोखरा, ११ जेठ

हेमजा सञ्चार सहकारी संस्थाद्वारा सञ्चालित सामुदायिक रेडियो, रेडियो हेमजा ८८.५ मेगाहर्ज एघारौं वर्षमा प्रबेश गरेको छ।

रेडियोले १० बर्ष अगी आजकै दिनदेखि आफ्नो प्रशारण सेवा शुरु गरेको थियो। बि.स २०६९ असार १७ गते सुचना तथा सञ्चार मन्त्रालयबाट १ सय वाट प्रशारण क्षमताको इजाजत पत्र प्राप्त गरि बि.स २०७० जेठ ११ गते शनिवार बिहान ८ बजे रेडियोले औपचारिक प्रशारण सुरु गरेको थियो।

ग्रामिण भेगका आम नागरिक समक्ष संचारको माध्यमबाट सुसुचित गराउने उद्देश्यका साथ स्थापित रेडियोले कास्कीका




पोखरा महानगरपालिका, माछापुच्छ्रे, रुपा, अन्नपूर्ण तथा मादी गाउँपालिका लगायत गण्डकी प्रदेशका अन्य विभिन्न जिल्लाका नागरिक समक्ष संचारको पहुँच पुऱ्याएको छ। साथै, रेडियोले महिला, दलित, बालबालिका तथा पिछडिएका वर्गलाई कार्यक्रममा समेट्ने गरेको छ भने कृषि, पर्यटन, वातावरण लगायतका विषयलाई प्राथमिकता दिदै आफ्ना कार्यक्रमहरु प्रशारण गर्दै आईरहेको छ। रेडियो प्रशारण कालदेखि अहिलेसम्म सामुदायिक रेडियो प्रशारक संघ(सिआईएन) मा आवद्ध रही रेडियोले सिआईएनका समाचार तथा कार्यक्रमहरु पनि प्रशारण गर्दै आईरहेको छ।

# कोरला नाकामा चाँडो भन्सार बन्नुपर्छ : अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले कोरला नाकामा चाँडो भन्सार कार्यालय बन्नुपर्ने बताउनुभएको छ।

चीन र भारत जोड्ने देशकै सबैभन्दा छोटो नाकाका रूपमा रहेको कालीगण्डकी करिडोर निर्माणको काम अन्तिम चरणमा पुगेको भन्दै उहाँले कोरलामा चाँडो भन्सार स्थापना गर्नुपर्ने बताउनुभएको हो। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको करिडोर निरीक्षणका लागि आज नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट आउनुभएका अध्यक्ष तिमिल्सिनाले चीनले भन्सार निर्माणको काम सकाएको उल्लेख गर्दै नेपालमा बल्ल जग्गा प्राप्ति भएको बताउनुभयो। "कोरलामा चीनतर्फ भन्सार निर्माणका लागि उनीहरूले सबै पूर्वाधार बनाइसकेका छन्", उहाँले भन्नुभयो, "नेपालमा जग्गा प्राप्तिको काम सकियो, तर अब निर्माण गर्ने कुरामा कमी भएको छ।" आफूले अर्थमन्त्री तथा प्रधानमन्त्रीलाई कोरलामा नेपालले चाँडै भन्सार कार्यालय निर्माणको काम गर्नुपर्ने जानकारी गराएको उहाँले बताउनुभयो।

"यो करिडोर राष्ट्रिय गौरवको परियोजना हो", उहाँले भन्नुभयो, "यसबाट सामान्य आउजाउ मात्रै नभएर त्रिदेशीय व्यापारको लाभ नेपालले लिन सक्छ।" कोरला नाका धार्मिक पर्यटकीय मार्गसँगै व्यापारिक मार्ग पनि भएकाले सरकारले विशेष ध्यान दिनुपर्ने उहाँको भनाइ छ। उत्तरमा चीनको सिमाना कोरला जोड्ने यस करिडोरले दक्षिणमा नवलपुरको त्रिवेणी भन्सार कार्यालयबाट भारतसँग सीमा जोड्ने काम गरेको छ।

अध्यक्ष तिमिल्सिनाले कालिगण्डकी करिडोरको समग्र प्रगति राम्रो भएको भन्दै निर्माण कम्पनीले केही खण्डमा बेवास्ता गर्दा काम केही सुस्त गतिमा भएको बताउनुभयो। "अहिले पछिल्लो समय कामले केही गति लिएको छ, अबको तीन वर्षभित्र यस करिडोरको सम्पूर्ण निर्माणको काम पूरा हुनुपर्छ", उहाँले भन्नुभयो, "आयोजनाको काम ढिलो हुँदा लागत पनि बढ्छ, हामीले सेवा पनि ढिलो पाउँछौँ। लागत बढी हुने कुरामा किन लाग्ने, त्यसैले काम छिटो गराउन सबै जना लाग्नुपर्छ।" यस करिडोर निर्माणको काम अन्तिम चरणमा पुगेको कालिगण्डकी करिडोर गैँडाकोट-राम्दी-मालढुङ्गा सडक आयोजनाले जनाएको छ।

## मुख्यमन्त्री...

शिलान्यास कार्यक्रममा कांग्रेस गण्डकी प्रदेश सहमहामन्त्री रमेशकुमार पाण्डे, पार्टी जिल्ला पूर्वसभापति तुलसीनारायण श्रेष्ठ, चन्द्रबहादुर कुँवर, पार्टी पूर्वसभापति एवं गण्डकी प्रदेशसभा सदस्य भेषबहादुर पौडेल, प्रदेशसभा सदस्य पार्वती तामाङ, टीकाकुमारी बस्याल, पूर्वसभापति एवं सुन्दरबजार नरपालिका प्रमुख कृष्णप्रसाद कोइराला लगायतको सहभागिता रहेको थियो।

# खेलकुद पत्रकार मञ्च गण्डकीले खेल पत्रकारिता तालिम गर्ने

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, ११ जेठ

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले तीन दिने खेल पत्रकारिता तालिमको आयोजना गर्ने भएको छ।

गण्डकी प्रदेशका खेल पत्रकारलाई लक्षित गरेर यहीं जेठ १७ गतेदेखि तालिम आयोजना गरिने मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए। अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा हालै पोखरामा बसेको मञ्चको बैठकले जेठ १७ गतेदेखि जेठ १९ गतेसम्म तालिम सञ्चालन गर्ने निर्णय गरेको उनले जनाए।

प्रदेश खेलकुद परिषद गण्डकीसँगको सहकार्यमा आयोजना गर्न लागेको तालिममा आइसिसिका एम्पायर तथा नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गा नाथ सुवेदी देवेन्द्र लगायतले सहजीकरण गर्ने महासचिव पौडेलले खुलाए।

तालिम सञ्चालन गर्नको लागि संयोजकको जिम्मेवारी मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठलाई प्रदान गरिएको छ। श्रेष्ठले तालिमको तयारीलाई तिव्र रुपमा अगाडि बढाइएको जनाए। तालिममा ६० जनाभन्दा बढी खेल पत्रकार सहभागी बन्ने अपेक्षा गरिएको उनले बताए।

त्यसोत नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो। यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो।

देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ। हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन्।

# करेन्ट लागेर युवकको मृत्यु

**पोखरापत्र संवाददाता**
मनाङ, ११ जेठ

मनाङमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा नुवाकोटको किस्पाङ गाउँपालिका-१ स्थायी घर भएका २७ वर्षीय योग छिरिङ तामाङ रहेका छन्।

मनाङको मनाङ डिस्याङ गाउँपालिका-४ हुम्डेमा रोकेर ट्र्याक्टरमा ढुङ्गा लोड गर्ने क्रममा हातले विद्युत्को नाङ्गो तारमा छोइँदा करेन्ट लागेर गम्भीर घाइते भएका तामाङलाई जिल्ला अस्पतालमा उपचारका लागि लैजाँदै गर्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मनाङका प्रहरी निरीक्षक पुष्कल कार्कीले जानकारी दिनुभयो।

# सफा हिमाल अभियान : ३५ हजार किलोभन्दा बढी फोहर सङ्कलन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

नेपाली सेनाले सञ्चालन गरेको सफा हिमाल अभियानका क्रममा अहिलेसम्म झण्डै ३६ हजार किलो फोहर सङ्कलन गरिएको छ। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार सफा हिमाल अभियान २०२३ मा ३५ हजार किलो फोहर सङ्कलन गर्ने लक्ष्य रहेको थियो।

हालसम्म अन्नपूर्ण हिमालबाट तीन हजार पाँच सय ६७ किलो, बरुञ्चे हिमालबाट १८ हजार पाँच सय २० किलो र सगरमाथा तथा ल्होत्सेबाट १३ हजार छ सय २१ किलो गरी जम्मा ३५ हजार सात सय आठ किलो फोहर सङ्कलन भइसकेको निर्देशनालयले जानकारी दिएको छ। सगरमाथा र ल्होत्से हिमाल सफाईका लागि सगरमाथाको आधार शिविरमा तैनाथ नेपाली सेनाको टोली सफाइ कार्य सम्पन्न गरी फिर्ता हुने क्रममा रहेको पनि नेपाली सेनाले जानकारी दिएको छ। विश्व वातावरण दिवसमा काठमाडौँमा औपचारिक कार्यक्रमको आयोजना गरेर अभियानको समापन गरिनेछ।

सफा हिमाल अभियान २०२३ अन्तर्गत सगरमाथा र ल्होत्से हिमाल सफाइ तथा आरोहणका सिलसिलामा अस्वस्थ भई उपचाररत नेपाली सेनाका चार जनालाई थप उपचारको लागि भारत लगिएको छ। अभियानका क्रममा दुई शेर्पा सहयोगीको भने निधन भएको छ।


## कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्छ।
(कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१)

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
सम्पर्क नः ०६१-४६७७३२/४६७७३३

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# गणतन्त्रको वद्नाम नगराऊ

गणतन्त्र दिवसको अवसर पारेर सरकारले टीकापुर हत्याकाण्डमा तीन तहका अदालतबाट दोषी ठहर भएका रेशम चौधरीलाई आममाफी दिन राष्ट्रपति समक्ष सिफारिस गरेको छाहात्तै मात्र सर्वोच्च अदालतले जिल्ला र उच्च अदालतले सुनाएको जन्मकैदको फैसला सदर गरेको थियो । टीकापुरमा २०७२ भदौमा ७ जना सुरक्षाकर्मी र एक नाबालकको मृत्यु हुने गरी भएको हिंसात्मक घटनाका प्रमुख योजनाकार चौधरी अहिले डिल्लीबजार कारागारमा छन् । उनलाई कानुन विपरीत आममाफी दिने तयारी भएको समाचार प्रकाशित / प्रशारित भएका छन ।

रेशमले आममाफी गरिपाऊँ भनेर गृह मन्त्रालयमा दिएको निवेदनलाई गृह मन्त्रालयले प्रक्रिया अघि बढाएर राष्ट्रपति कार्यालयसम्म पुर्याएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रपति रामचन्द्र पौडेलसँग मंगलबार साँझ शीतल निवासमा भेटेर छलफलसमेत गरेका थिए । सत्ता गठबन्धनले सर्वोच्चको फैसला अगावै आममाफीको सिफारिस नगरी फैसला पछि सिफारिस गर्नु कानुन विपरीत हो । सरकारले रेशम सँगै अन्य दोषी ठहर भइ कारागारमा रहेकालाई आममाफी दिन राष्ट्रपति समक्ष सिफारिस गरेको छ ।

संविधानको धारा २७६ मा राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने व्यवस्था छ । तर, सजाय माफी, मुल्तजी तथा कम गर्ने सम्बन्धी कार्यविधिमा जघन्य अपराधमा जेल बसेकालाई आममाफी दिन नमिल्ने स्पष्ट व्यवस्था छ । कार्यविधिको ३ नम्बर बुँदामा सजाय माफी दिन नमिल्ने अपराध शीर्षकहरुको सुची नै छ ।

जसअनुसार भ्रष्टाचार, यातना, जबर्जस्ती करणी, क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, तेजाब वा अन्य प्रज्वलनशील पदार्थ प्रयोग गरी ज्यान मारेको वा अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुर्याएको, जातीय हत्या, विस्फोटक पदार्थ, अपहरण, शरीर बन्धक वा व्यक्ति बेपत्ता, मानव बेचबिखन तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण र तीन वर्षभन्दा बढी कैद सजाय हुने लागू औषधको ओसारपसार वा कारोबारका दोषीलाई माफी दिन मिल्दैन ।

गृह मन्त्रालयले मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ अनुसार सजाय माफीको प्रक्रिया अघि बढाएर फाइल राष्ट्रपति कार्यालयमा पठाएको छ । मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा १५९ मा अदालतको फैसला बमोजिम सजाय पाएको व्यक्तिले माफी पाउन, मुल्तवी राख्न, परिवर्तन वा कम गर्न गृह मन्त्रालयमार्फत राष्ट्रपतिलाई निवेदन दिनसक्ने व्यवस्था छ । त्यसै व्यवस्था अनुसार प्रक्रिया अघि बढेको हो ।'

राष्ट्रपति कार्यालय पुगेको चौधरीको फाइलमा केही कानुनी प्रश्न हल गर्नुपर्नेछ ।त्यसको लागि फाइल गृह मन्त्रालयमा फर्किनेछ । फाइल अघि बढेमा गृह मन्त्रालयले आम माफीको प्रस्ताव मन्त्रिपरिषदमा पेश गर्नेछ । आममाफीका लागि आफूलाई सजाय गरेको अदालतको फैसलाको प्रतिलिपी निवेदनसाथ पेश गर्नुपर्छ । सरकारले निर्णय गर्नुअघि आममाफी दिनुको प्रमुख आधार र कारण खुलाई राष्ट्रपति कार्यालयमा राय पेश गर्नुपर्ने हुन्छ ।

कैदीले माफी मिनाहाका लागि सिधै गृह मन्त्रालयमा निवेदन पठाउन पाउने व्यवस्था छ । प्रायजसो राजनीतिक मुद्दासँग जोडिएको मुद्दा चलाएको र अदालतबाट दोषी ठहर भएको भए त्यसको व्यवस्थापनका लागि 'माफी मिनाहा' को कानूनी व्यवस्था रहेको छ । कानूनअनुसार गृह मन्त्रालयले राष्ट्रपति कार्यालयमा फाइल पठाए त्यहाँबाट स्वीकृत भएपछि मात्रै उक्त फाइलमा महान्यायाधीवक्ताको राय लिएर 'माफी मिनाहा' को प्रस्ताव मन्त्रिपरिषद पठाउने व्यवस्था छ । सरकारले जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा चौधरीलाई माफी मिनाहा दिन लागेको छ । चौधरी २०७४ साल फागुन १५ गतेदेखि थुनामा रहेकाले उनले पाँच वर्षभन्दा बढी समय कारागारमा बिताएका छन् । उनलाई अदालतले तोकेको जन्मकैदको सजाय अनुसार, २० वर्ष कैद भुक्तान गर्नुपर्ने छ । माफी मिनाहाको प्रक्रिया कार्यान्वयन भए उनले करिव १५ वर्ष कैद सजाय मिनाहा पाउनेछन् ।

सर्वोच्च अदालतले जेठ २ गते मात्रै यसअघि जिल्ला अदालत कैलाली र उच्च अदालत दिपायलले जन्मकैदको सजायलाई सदर गरेको थियो । सर्वोच्च अदालतले सदर गरेको सजायको संक्षिप्त फैसला सार्वजनिक भए पनि पूर्णपाठ भने अहिलेसम्म आइसकेको छैन । सरकारले हतार गरेर कानुन मिच्ने काम गरेमा गणतन्त्रलाई बद्नाम गराउने छाराष्ट्रपतिले गणतन्त्रको बद्नाम गराउने कामबाट जोगिने उपाय खोज्नु उचित हुनेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शत्रुको भय | तुला | सम्मान मिल्नेछ |
| वृष | झमेला बढ्ने | वृश्चिक | अप्रत्यसित लाभ |
| मिथुन | कार्यमा सफलता | धनु | आर्थिक समस्या |
| कर्कट | मन चञ्चल | मकर | मानसिक तनाव |
| सिंह | सहयोग मिल्नेछ | कुम्भ | शारीरिक झमेला |
| कन्या | सत्कार मिल्नेछ | मीन | व्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# चेम्बर अफ कमर्स दक्षिण इकाईको रक्तदान १३ गते

**पोखरापत्र संवाददाता**
पोखरा ११ जेठ

चेम्बर अफ कमर्स दक्षिण क्षेत्र इकाई पोखरा महानगरपालिका १७, २१, २२ र ३३ ले वृहत रक्तदानको आयोजना गर्ने भएको छ ।

'रक्तदान जीवनदान, जीवनदान महादान, रक्तदान गरौ पुण्य कमाऔं' भन्ने नारासहित आगामी १३ गते शनिबार बिरौटाचोकमा रक्तदानको आयोजना गर्न लागको आयोजक संस्थाका अध्यक्ष गोकर्ण क्षेत्रीले जानकारी दिए ।

उनले पोखरा क्षेत्रमा भएको रक्तअभावको समस्यालाई मध्यजनर गर्दै वृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको बताए । उनका अनुसार बिरौटा चोकमा हुने रक्तदान विहान ७ बजे सुरु हुनेछ ।

# म्याग्दीमा मह उत्पादन घट्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी ११ जेठ

हिमाली जिल्ला म्याग्दीका स्थानीय तहले खेतीयोग्य जमिन र बस्ती नजिकका रुख काट्ने अभियान चलाएपछि मौरीपालन व्यवसाय प्रभावित बनेको छ ।

बस्ती नजिकका आरु, चिउरी, पैँयू, दुदिलो लगायतका वनस्पति नासिँदै गएपछि पुष्परसको अभावका कारण मह उत्पादन घट्दै गएको किसानले भनाइ छ ।

त्यसैगरी वातावरणीय प्रदूषण र जलवायु परिवर्तनका कारण विभिन्न किसिमका रोगकीराको प्रकोप देखिन थालेका ज्यामरुककोटका मौरीपालक किसान बलबहादुर घिमिरेले बताउनुभयो । गत आर्थिक वर्ष २०७८/७९ मा विगतका वर्षको तुलनामा जिल्लाभर यसवर्ष मह उत्पादन घटेको हो । जिल्लाका विभिन्न स्थानमा किसानले गरेको मौरीपालन व्यवसायबाट यसवर्ष जम्मा १२ हजार केजी मह उत्पादन भएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । जिल्लामा रहेका दुई हजार पाँच सयवटा मौरीका आधुनिक घारबाट सो परिमाणको मह उत्पादन भएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरण सिग्देलले जानकारी दिनुभयो । विगतका वर्षमा वार्षिक २० हजार केजीभन्दा बढी मह उत्पादन हुने गरेकोमा आर्थिक वर्ष २०७९/ ८० मा १७ हजार ६ सय केजी मह उत्पादन भएको हो । पछिल्लो समय महको उत्पादनमा कमी आउन थालेपछि मौरीपालन व्यवसायमा आबद्ध किसान भने चिन्तित बनेका छन् । मौरीले एक पटकको विचरणमा एकै जातका बालीका फूलमा मात्रै विचरण गरी परागसेचन गर्ने मौरी विशेषज्ञ बताउँछन् । जुन क्रियाले पृथ्वीको आधारभूत पारिस्थितिक प्रणाली कायम रहेको उनीहरुको भनाइ छ । 'द बी किपर्स लेमेन्ट' पुस्तकमा मौरीलाई कृषि जैविक विविधता प्रणालीको गमका रूपमा प्रस्तुत गरिएको छ । विभिन्न जर्नलअनुसार संसारमा मौरीका दुई हजार एक सय प्रजाति छन् । विज्ञानले मात्रै नभएर वेदले पनि मौरीको महत्वपूर्ण योगदान उद्गार गरेको छ । ऋग्वेदमा मौरीलाई परागसेचन गर्ने, मह उत्पादन गर्ने र सम्पूर्ण जीवजन्तुलाई कल्याण गर्ने जीवका रूपमा प्रस्तुत गरिएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार करिब ९० प्रतिशत जङ्गली फूल फुल्ने प्रजाति, ७५ प्रतिशत खाद्यबाली र ३५ प्रतिशत कृषिबाली जीव परागसेचनमा निर्भर छन् । परागसेचनले खाद्य सुरक्षा र जैविक सुरक्षामा ठूलो योगदान पुऱ्याइरहेको छ । जीव परागसेचनको ८० प्रतिशतभन्दा बढी परागसेचन कीराबाटै हुनेगर्छ । कीराबाट हुने परागसेचनमा सबैभन्दा बढी हिस्सा करिब ८० प्रतिशत मौरीले ओगट्ने 'द बी किपर्स लेमेन्ट' मा उल्लेख गरिएको छ । उपयुक्त शारीरिक बनावट, अति शक्तिशाली सञ्चार प्रणाली, उष्णदेखि लेकाली हावापानीमा सजिलै काम गर्नसक्ने क्षमताका कारण मौरी सबैभन्दा उच्च परासेचक हो । वैज्ञानिक र आध्यात्मिक दुवै दृष्टिकोणको अत्यन्त महत्वपूर्ण मानिएको मौरी र मह पछिल्लो समय जलवायु परिवर्तन र मानवीय लापबाहीका कारण सङ्कटमा पर्दै गएकोप्रति जानकारहरुले चिन्ता व्यक्त गरेका छन् । म्याग्दीको मौरीपालन व्यवसायमा थाईस्याकब्रुड र युरोपियन फउलब्रुड रोगको प्रकोप देखिएको थियो । रोग र कीराको प्रकोपले गर्दा मौरीको घारमा मह, कुट, अण्डा, लार्भा र छाउरा नष्ट हुनुका साथै महका पोला रित्तै भएपछि महको उत्पादन घटेको किसानहरुले गुनासो गरेका छन् । एक वर्षमा सिजनअनुसार तीन पटकसम्म मह काढ्ने गरिन्छ । म्याग्दीको बेनी नगरपालिका-५, पुलाचौरको डडुवामा मात्रै ७५ प्रतिशत मौरीमा रोगकीराको प्रकोप देखिएपछि रोकथामका लागि उपचार गरिएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सिग्देलले जानकारी दिनुभयो ।

# वर्षासँगै मनाङको सडक सञ्जाल टुट्दै

**पोखरापत्र संवाददाता**
मनाङ, ११ जेठ

प्रि-मनसुन सुरुआत भएसँगै पश्चिमी वायुको प्रभावका कारण हिमाली जिल्ला मनाङको सडक सञ्जाल टुट्दै गएको छ । छिमेकी जिल्ला लमजुङमा दैनिक वर्षा भइरहेको छ भने मनाङमा सुख्खा पहिरो खस्न थालेको छ ।

डुम्रे-बेँसीसहर-चामे सडकअन्तर्गत नासो गाउँपालिका-१ सिरानतालमा सुख्खा पहिरो खसेको छ । सुख्खा पहिराका कारण सडक अवरुद्ध भएको नासो-५ का वडाध्यक्ष थुदेन लामाले जानकारी दिनुभयो । "वर्षायाम सुरुआत हुनासाथ मनाङमा जोखिम बढेको छ, यात्रुमात्रै आवतजावत गर्नसमेत सकस भएको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार बुधबार साँझदेखि चट्टानसहितको सुख्खा पहिरो खस्दा सडक अवरुद्ध भएको छ । "अवरुद्ध सडक आजदेखि खुलाउने प्रयास भएको छ, उक्त सडकअन्तर्गत अन्य स्थानमा भने अवरुद्ध रहेको छैन", उहाँले भन्नुभयो । दुई वर्षअघि पहिराका कारण भत्किएको सडक मर्मत गर्दा रहेका चट्टान खसेर अवरुद्ध भएको सडक खुलाउन एस्काभेटर ल्याउँदै गरेको डुम्रे-बेसीसहर-चामे सडक आयोजना कार्यालयका सब इन्जिनियर सुमन अधिकारीले जानकारी दिनुभयो । "पहिरो खसेको स्थानमा आइपुगेका छौं", आज सडक खुलाउने प्रयासमा जुटेका छौं", उहाँले भन्नुभयो, "आज मनाङ मात्रै नभई प्रदेशमा नै मौसम प्रतिकूल देखाएको छ, तर पनि यहाँको मौसम सफा त छैन, अनुकूल नै रहेमा आजै सडक खुल्छ ।" वर्षायाम वा अन्य समयमा पनि मनाङको यात्रा सहज भने छैन । वर्षायाम सुरुआत भएसँगै अझ बढी जोखिम बढ्ने गर्छ । वर्षायाममा पर्ने झरीका कारण एक ठाउँमा मर्मत गर्न नभ्याउँदै अर्को स्थानमा सडक भत्किने हुँदा मनाङवासी तथा पर्यटक आवतजावतमा समस्या हुने गरेको छ ।

# धवलागिरि अस्पतालमा मेरुदण्डको शल्यक्रिया

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ जेठ

बागलुङको धवलागिरि अस्पतालमा पहिलोपटक मेरुदण्डको शल्यक्रिया गरिएको छ । मेरुदण्डको हड्डी भाँचिएर समस्यामा परेभएका बागलुङकै ५२ वर्षीय एक पुरुषको बुधबार शल्यक्रिया गरिएको हो ।

धवलागिरि अस्पतालका डा विनित ढकाल, डा समिर लामिछाने, डा प्रमेश थापा, डा राजन शर्मा, डा अमित ढुङ्गानालगायत चिकित्सक टोलीले मेरुदण्डको शल्यक्रिया गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रविरञ्जन प्रधानले जानकारी दिनुभयो ।

"यसअघि कम्मरको हड्डी भाँचिएको पनि शल्यक्रिया गरिएको थियो, 'रिफर सेन्टर'का रूपमा चिनिएको अस्पतालले पछिल्लो समय विशेषज्ञ सेवालाई थप गर्दै गएको छ", उहाँले भन्नुभयो । अहिले अस्पतालमा दैनिक चार सयको हाराहारीमा बिरामी उपचारका लागि आउने गरेका डा प्रधानले बताउनुभयो ।

यसअघि मेरुदण्डको शल्यक्रियाका लागि बिरामी पोखरा, भरतपुर, काठमाडौंलगायत ठाउँ जाने गरेका थिए । महँगो उपचारका रूपमा मानिदै आएको मेरुदण्डको शल्यक्रिया बागलुङकै सरकारी अस्पतालमा भएपछि अब अरुलाई पनि सहज हुने भएको छ । पछिल्लो समय विशेषज्ञ चिकित्सक थप भएसँगै अस्पतालले ओपिडी बाहेकका अन्य विशेष प्रकारका सेवासमेत दिन थालेको छ ।

# उत्तरबाहिनीमा प्राकृतिक चिकित्सालय बन्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ११ जेठ

स्याङ्जाको गल्याङ नगरपालिका-१ महालिङ्गधामस्थित उत्तरबाहिनी क्षेत्रमा प्राकृतिक चिकित्सालय (आयुर्वेद अस्पताल) बन्ने भएको छ ।

सङ्घीय सरकारको सहरी विकास मन्त्रालय र नगरपालिकाको साझेदारीमा रु दुई करोड १२ लाखको लागतमा १० शय्याको अस्पताल बन्न लागेको हो ।

फूलजोर निर्माण सेवा बिजुलीबजार काठमाडौँसँग गत फागुन १८ गते यसै आर्थिक वर्षमा काम सक्नेगरी भएको सम्झौताको काम धमाधम चलिरहेको छ । बयालीस रोपनी क्षेत्रफल ओगट्ने सुविधा सम्पन्न २४ कोठे अस्पतालबाट पञ्चतत्व, हाइड्रोथेरापी, फिजियोथेरापी, योगथेरापी,मसाजथेरापी, स्टिमथेरापी, अकुपञ्चर, एक्युप्रेससरलगायतका पद्धतिमार्फत बिरामीको उपचार गरिनेछ ।

"सामाजिक चिन्तन प्राकृतिक चिकित्सालय निर्माण गर्ने योजना थियो, उत्तरबाहिनीमा चिकित्सालय निर्माणका लागि त्यहाँ उपयुक्त वातावरण र भूगोल छ", उहाँले भन्नुभयो, "कालीगण्डकीको तटमा सबैभन्दा राम्रो होला भनेर नगरपालिकाको अपनत्वमा अस्पताल निर्माणको काम भएको छ ।" उहाँका अनुसार आवश्यकताका आधारमा नगरपालिकाले प्राविधिकलगायत अन्य व्यवस्थापकीय काम गर्नेछ । कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानका अध्यक्ष चैतन्य कृष्णले उत्तरबाहिनीमा योग शिविर, धार्मिक अनुष्ठान, संस्कृत शिक्षालगायतका कार्यक्रम पहिल्यैदेखि सञ्चालन हुँदै आएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "प्राकृतिक उपचार पद्धतिले कुनै पनि प्रकारको असर नगर्ने र औषधि नखाई उपचार गरिने भएकाले संसारको सबैभन्दा राम्रो उपचार पद्धति यो हो, त्यसैले यहाँ प्राकृतिक चिकित्सालयको आवश्यकता भएको हो ।"

चैतन्य कृष्णले यस अस्पतालमा प्राकृतिक भोजनसहितको प्राकृतिक उपचार गरिने बताउनुभयो । कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानले यहाँ आउने तीर्थयात्री र बिरामीलाई निःशुल्क भोजनको व्यवस्था गर्ने जनाएको छ । गल्याङ-३, का स्थानीय शिशिर पौडेलले उत्तरबाहिनीमा प्राकृतिक चिकित्सालय बन्नु अत्यन्त सुखद विषय भएको बताउनुभयो ।

# पृथ्वीराजमार्गको सत्रसयमा ट्रमा अस्पताल बनाउन माग

**पोखरापत्र संवाददाता**
दमौली, ११ जेठ

तनहुँको आँबुखैरेनी गाउँपालिकाले पृथ्वीराजमार्गको सत्रसयमा ट्रमा अस्पताल बनाउन गण्डकी प्रदेश सरकारसमक्ष माग गरेको छ ।

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानको नेतृत्वमा गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिङ्खडासँगको भेटमा आँबुखैरेनी-१ सत्रसयमा ट्रमा अस्पताल बनाउन माग गरिएको हो । पृथ्वीराजमार्गअन्तर्गत यस खण्डमा दुर्घटना भइहने भएकाले ट्रमा अस्पतालको आवश्यकता खड्किएको चुमानले बताउनुभयो । अस्पताल निर्माणका लागि पालिकाले प्रदेश सरकारसँग सहकार्य गर्न तयार रहेको उहाँको भनाइ छ । गाउँपालिकाले मार्कीचोकमा स्वास्थ्यपरीक्षण र होल्डिङ सेन्टर र आँबुखैरेनी अस्पतालका लागि डायलासिस सेवा सञ्चालनका लागि उपकरण माग गरेको छ । गाउँपालिकाले वडा नं ३ मा पालिकास्तरीय अस्पताल सञ्चालन गरेको छ । उक्त अस्पतालमा आँखा उपचार केन्द्र सञ्चालन भइसकेको छ भने मिर्गौला पीडितका लागि डायलासिस सेवा सञ्चालन गर्ने लक्ष्य राखिएको चुमानले बताउनुभयो । मन्त्री सिङ्खडासमक्ष चिकित्सकको व्यवस्थाका लागि ध्यानाकर्षण गराइएको छ । यस्तै गाउँपालिकाभित्रका विद्यालयमा विज्ञान प्रयोगशाला, विद्यालय बस, स्वास्थ्य संस्थादेखि सडकसंस्था र अस्पतालका लागि औषधि र ल्याब सामग्री व्यवस्थापन गरिदिन माग गरिएको छ । एक विद्यालय एक नर्स कार्यक्रम थप विद्यालयमा लागू गर्न पनि मन्त्रीको ध्यानाकर्षण गराइएको चुमानले बताउनुभयो ।

मन्त्रालयकै कार्यक्रम अनुसार गाउँपालिका-३ रामशाह माविमा यो कार्यक्रम सुरु भइसकेको छ । यो कार्यक्रम अन्य विद्यालयमा पनि आवश्यक रहेकाले कार्यक्रम विस्तारका लागि मन्त्रीको ध्यानाकर्षण गराइएको चुमानले बताउनुभयो । यसैगरी आँबुखैरेनी अस्पतालको स्तरोन्नतिका लागि पनि ध्यानाकर्षण गराइएको छ । गाउँपालिकाले हाल पन्ध्र शय्याको अस्पताल सञ्चालन गरिरहेको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ निलकण्ठेश्वर महादेव मन्दिर जाने बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारकोआम्दानीतथाखर्चभएकोव्यहोरासरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः निलकण्ठेश्वर माहादेव मन्दिर जाने बाटो ढलान
स्थानः पोखरा-३३, बुढीपोखरी, कास्की
योजना सम्भौता मिति : २०८०/०१/१९ गते
योजना सुरु भएको मिति : २०८०/०१/२० गते
योजना सम्पन्न हुनुपर्ने मितिः २०८०/०२/३० गते
योजना सम्पन्न मितिः २०८०/०२/०५ गते
योजनाको कुल लागत : रु. ८८८९६६.६८।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.८,००,०००।-
जन सहभागितावाट : रु. ८८९६६.६८।-
उपभोक्ता समिति अध्यक्षः कृष्ण प्रसाद आचार्य
मो.नं.: ९८४६६१८४०२
उपभोक्ता समिति सदस्यः ७ महिलाः २, पुरुषः ५ जना

**बुढी पोखरीदेखि निलकण्ठेश्वर महादेव मन्दिर जाने सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-३३ कास्की**

# स्याङ्जाका छ हजार करदाताले बुझाएनन् आयकर विवरण

**पोखरापत्र संवाददाता**
वालिङ, ११ जेठ

गत वैशाख २५ गतेसम्म स्याङ्जाका छ हजार बढी करदाताले आयकरतर्फको आय विवरण बुझाएका छैनन् ।

करदाता सेवा कार्यालयमा दर्तामा रहेका कूल १४ हजार चार सय ४७ सङ्घसंस्था, कम्पनी, समूह, समिति र फर्म रहेकामा छ हजार एक सय १० करदाताले आयकर विवरण नबुझाएका हुन् ।

गत वैशाख मसान्तसम्म करदाता सेवा कार्यालयमा आयकरतर्फको आय विवरण नबुझाउने छ हजार एक सय १० करदातालाई आय विवरण बुझाउन पत्राचार तथा सूचना जारी गरिएको कार्यालय प्रमुख कर अधिकृत शोभाकान्त पङ्गेनीले बताउनुभयो । गत चैत २५ गतेसम्म छ हजार पाँच सय १५ जनाले आय विवरण बुझाउन बाँकी रहेकामध्ये वैशाख मसान्तसम्म चार सय पाँच जनाले आय विवरण बुझाएको उहाँले बताउनुभयो । प्रत्येक आर्थिक वर्ष सकिएपछिअसोजमसान्तभित्र आय विवरण बुझाउनुपर्नेमा करदाताले आय विवरण नुबझाएपछि पत्राचार तथा फोन सम्पर्क भइरहेको उहाँले जानकारी दिनुभयो ।

"कतिपयले व्यापार व्यवसाय छाड्नुभयो तर स्थायी लेखा नम्बर बन्द गर्नुभएको छैन", उहाँले भन्नुभयो, "व्यापार व्यवसाय छाडेको भए समयमै स्थायी लेखा नम्बर स्थगन गर्न करदातालाई पत्राचार गरिएको छ ।" व्यापार व्यवसाय सञ्चालन गर्न छाडे पनि थाहा नभएकै कारण यी समस्या देखिएका हुनसक्ने भएकाले वस्तुगत सङ्घसंस्था, जिल्लास्थित उद्योग वाणिज्य सङ्घमार्फत र स्वयं करदातालाई टेलिफोन वा म्यासेजमार्फत आयकर विवरण बुझाउन ताकेता गरिएको उहाँले बताउनुभयो । समयमै आयकर नबुझाउने करदातालाई आन्तरिक राजस्व कार्यालयबाट आयकर ऐन २०५८ अनुसार अन्य कानुनी कारबाही तथा विलम्ब शुल्क लिने व्यवस्था रहेको छ । जिल्लाका ११ पालिकामध्ये करदाता सेवा कार्यालयले पत्राचार गरेसँगै विवरण बुझाउने सम्पर्कमा आई विवरण बुझाउन थालेकाले सङ्ख्या घट्दै गएको छ । उहाँका अनुसार वैशाख मसान्तसम्म वालिङ नगरपालिकाभित्रका एक हजार आठ सय ८९, पुतलीबजार नगरपालिकाका एक हजार तीन सय २०, भिरकोट नगरपालिकाका तीन सय ९०, चापाकोट नगरपालिकाका पाँच सय ७९, गल्याङ नगरपालिकाका छ सय ९६ करदाताले आयकर विवरण बुझाएका छैनन् । आँधीखोला गाउँपालिकाका दुई सय २६, फेदीखोला गाउँपालिकाका दुई सय ५८, बिरुवा गाउँपालिकाका एक सय ३५, अर्जुनचौपारी गाउँपालिकाका एक सय ७४, कालीगण्डकी गाउँपालिकाका दुई सय एक र हरिनाश गाउँपालिकाका दुई सय ४२ करदाताले आयकर विवरण बुझाउन बाँकी छ ।

# शनिवार लेकाली जाउँ गायक सपुतसँग नाचौं

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

पोखरा महानगरपालिका वडा नं १० स्थित पोखराको अमरसिंह चोकमा रहेको होटल टास्कको तेस्रो आउटलेट लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बारको ग्राण्ड ओपनिङ हुँदै छ ।

साथमा सोही दिन शनिवार हुने फुड कार्निभलमा अहिलेका चर्चित लोकदोहोरी गायक प्रकाश सपुतको उत्कृष्ट प्रस्तुति रहने छ । बारको ग्राण्ड ओपनिङको अवसरमा चर्चित लोकदोहोरी गायक सपुतको प्रस्तुति रहने होटल टास्कका सञ्चालक मीन गुरुङले पोखरापत्रलाइ वताए । शनिवार



दिउँसो चार बजेदेखि सुरु हुने ग्राण्ड ओपनिङ कार्यक्रममा बहुचर्चित गायक तथा मोडल प्रकाश सपुतसहित स्थानीय लोक ब्याण्डको समेत प्रस्तुति रहने संचालक गुरुङले भने । कार्यक्रममा प्रवेश शुल्क एक हजारको टिकटको व्यवस्था गरिएको र टिकटमा एउटा क्यान बियर निःशुल्क उपलब्ध गराइने सञ्चालक गुरुङले बताए। गोर्खा ब्रुअरी सहकार्य रहेको उक्त कार्यक्रमका सहभागी हुनका न्युरोडमा रहेको भाटभटेनी सुपर मार्केट, लेकसाइडको कफी ब्रेक र डुंगा रेष्ट्रो एण्ड लाउन्ज बार, चिप्लेढुंगामा रहेको रुपा हिल दोहोरी साँझ र होटल टास्कको तीन वटै आउटलेटका फेसबुक पेज अनलाइनबाट समेत टिकट खरिद गर्न सकिने गुरुङले जानकारी गराए ।

"सबैको लागि लेकाली, संधैको लागि लेकाली" भन्ने उद्घोषका साथ सञ्चालित लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बारले कालो धराने बंगुरको परिकारहरू, मटन, चिकन र बफका परिकारहरू बिक्री गर्दै आइरहेको गुरुङले भने ।

# ब्यूँतिएला गोरखकाली रबर उद्योग ?

**-रामबहादुर थापा**
गण्डकी, ११ जेठ

रुग्ण गोरखकाली रबर उद्योगलाई पुरानै स्थितिमा फर्काउने सरकारको घोषणा कार्यान्वयन होला त भन्ने प्रश्न फेरि सतहमा आएको छ । सरकारले हालै सार्वजनिक गरेको आउँदो आव २०८०/८१ को नीति तथा कार्यक्रममा बन्द अवस्थामा रहेको सो उद्योग पुनःसञ्चालनमा ल्याउने उल्लेख छ ।

सरकारको उक्त निर्णयले आशा जगाएको भए पनि घोषणा कार्यान्वयन हुनेमा भने जनस्तरमा संशय छ । यसअघि पनि पटकपटक गोरखकाली रबर उद्योगलगायत बन्द तथा रुग्ण अवस्थामा रहेका स्वदेशी उद्योग चलाउने सरकारी प्रयासले सार्थकता पाउन सकेको थिएन । गोरखकाली देशकै एकमात्र टायर उत्पादन गर्ने उद्योग हो । विसं २०४९ साउनदेखि व्यावसायिक उत्पादन थालेको सो उद्योग व्यवस्थापनको कमजोरीका कारण विसं २०७२ देखि पूर्णरुपमा बन्द छ । सरकारले उद्योगमा कार्यरत दुई सय ८० कर्मचारीलाई विसं २०७६ फागुनमा रु ९६ करोड दायित्वसहित अवकाश दिएको थियो । अहिले उद्योगको रेखदेखका लागि करारका कर्मचारी र सुरक्षागार्ड छन् ।

उद्योगका प्रशासन अधिकृत दिनेश कार्कीले सरकारले चाहेमा अहिले भएकै पूर्वाधारबाट उद्योग पुनःसञ्चालन गर्न सकिने बताउनुभयो । "पचास/६० वर्षलाई थेग्ने गरी उद्योगको भौतिक संरचना बनेको छ", उहाँले भन्नुभयो, "बिग्रेका उपकरण र प्रविधि फेर्न थप लगानी भने गर्नुपर्छ ।" अधिकृत कार्कीका अनुसार उद्योगबाट 'बायस' प्रविधिको टायर र ट्युब उत्पादन हुँदै आएको थियो । अहिले भारतीय बजारबाट 'रेडियल' अर्थात् 'ट्युबलेस' प्रविधिको टायर नेपाल भित्रने गरेको छ । नेपालको भू-बनोट र सडकको स्तरअनुसार अझै केही दशक बायस प्रविधिकै टायर प्रयोगमा ल्याउन सकिने उहाँको भनाइ छ । "रेडियल प्रविधिमा जाने हो भने रु ५० करोडभन्दा बढी लगानी चाहिन्छ, यो प्रविधि महँगो छ", अधिकृत कार्कीले भन्नुभयो । उद्योग बन्द हुनुपूर्व २५ वर्षसम्म उहाँले त्यहाँ कर्मचारीका रुपमा काम गर्नुभएको थियो । अहिले उद्योगको संरक्षण र रखेदेखका लागि उद्योग मन्त्रालयले उहाँलाई करारमा खटाएको छ ।

"सहसचिवको नेतृत्वमा बनेको अध्ययन कार्यदलले पनि यो उद्योगलाई पुनःसञ्चालन गर्न सकिने भनेर औँल्याएको छ", अधिकृत कार्कीले भन्नुभयो, "सरकारको नीति तथा कार्यक्रममा पनि समावेश भएपछि उद्योग चल्नेमा आशा जागेको छ, मुख्यरुपमा उद्योग मन्त्रालयले नै यसमा पहल लिनुपर्छ ।" गोरखाको गोरखा नगरपालिका-१३ मजुवा देउरालीको छ सय ६५ रोपनी क्षेत्रफलमा फैलिएको उद्योगमा झण्डै रु १० अर्ब बराबरको सम्पत्ति छ । उद्योगको जग्गा, भवन, वन सम्पदा, उपकरण आदिको संरक्षण प्रयास भए पनि लामो समयसम्म सञ्चालनमा नआउँदा जीर्ण बन्दै गएका छन् । गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले सार्वजनिक-निजी साझेदारी अवधारणाबाट उद्योग चलाउनुपर्ने धारणा राख्नुभयो । "सरकारको मात्रै बाटो हेरेर हुँदैन, यसलाई थ्री पी मोडलमा लैजानुपर्छ", उहाँले भन्नुभयो, "उद्योग पुनःसञ्चालनबारे चीन र नेपालका विज्ञसँग छलफल भइरहेको छ, उद्योग चलाउन हामी लागिपरेका छौँ ।" गुणस्तरीय टायर स्वदेशमै उत्पादन गर्नसक्ने उद्योग लामो समयसम्म बन्द हुनु दुर्भाग्य भएको उहाँको भनाइ छ । "बजारमा रहेको भारतीय टायरको वर्चश्व तोड्न र नेपाली टायरलाई प्रतिस्पर्धी बनाउन पनि यो उद्योग सञ्चालन गर्नैपर्छ", प्रमुख रानामगरले भन्नुभयो, "स्वदेशी उत्पादनको प्रवर्द्धन र रोजगारी सिर्जनामा यसले ठूलो मद्दत पुऱ्याउँछ ।" राजनीतिक प्रभाव, कमजोर व्यवस्थापन, बजार प्रवर्द्धनको कमी जस्ता कारणले उद्योग बन्द हुन पुगेको उहाँको भनाइ छ । उहाँले लगानी र नयाँ प्रविधि भित्र्याएर भए पनि उद्योग सञ्चालन गर्नुपर्ने बताउनुभयो । गोरखाका राजनीतिकर्मी, व्यवसायीलगायत जनसाधारणले लामो समयदेखि सो उद्योग सञ्चालनको माग गर्दै आएका छन् । गोरखा उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णकुमार श्रेष्ठले उद्योग चलाउने विषयमा गण्डकी प्रदेशका मुख्यमन्त्रीदेखि प्रधानमन्त्रीसम्मको ध्यानाकर्षण गराइएको बताउनुभयो। "सरकारले नीति तथा कार्यक्रममार्फत उद्योग पुनःसञ्चालन गर्ने घोषणा गरेपछि गोरखाका उद्योगी व्यवसायी खुसी छौँ, हामीले पटकपटक यो माग राख्दै आएका थियौँ, अब निर्णय कार्यान्वयनमा ढिलाइ नहोस्", उहाँले भन्नुभयो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोरखाबाट चुनाव लड्दा गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याइने प्रतिबद्धता जनाउनुभएको थियो । गृहमन्त्री, गण्डकीका मुख्यमन्त्री, सभामुखलगायत उच्च पदमा गोरखाकै राजनीतिक नेतृत्वमा रहेकाले उद्योग सञ्चालनमा उचित पहलकदमी हुनेमा गोरखाबासी आशावादी छन् ।

गण्डकी प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले गोरखकाली रबर उद्योग सञ्चालनका लागि सङ्घी सरकारसँग साझेदारी गर्न प्रदेश सरकार तयार रहेको बताउनुभयो । "हाम्रै प्रदेशमा पर्ने भएकाले प्रदेश सरकारको पनि यसमा स्वाभाविक दायित्व रहन्छ", उहाँले भन्नुभयो, "प्रदेशमा उद्योगधन्दाको विकास र स्थानीय उत्पादनको प्रवर्द्धन प्रदेश सरकारको प्राथमिकतामा छ ।" मन्त्री थापामगरले रोजगारी वृद्धिसँगै राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ पार्न बन्द अवस्थामा रहेका सबै स्वदेशी उद्योग पुनःसञ्चालनमा ल्याउनुपर्ने उल्लेख गर्नुभयो । "अहिले अर्थतन्त्रमा जे समस्या देखापरेको छ, यसको समाधानका लागि आफ्नै स्रोत, सीप र प्रविधिमा आधारित उद्योगधन्दा खोल्नुपर्छ, रोजगारी सिर्जना गर्नुपर्छ", उहाँले भन्नुभयो। सरकारले गोरखकाली रबर उद्योगसँगै हेटौँडा कपडा उद्योग र बुटवल धागो कारखाना पुनःसञ्चालनको घोषणा गरेको हो । लामो समयदेखि बन्द तथा रुग्ण अवस्थामा रहेका उद्योग सञ्चालन, खारेजी, एकीकरण वा व्यवस्थापनका विषयमा अध्ययन गर्न उच्चस्तरीय अध्ययन समितिसमेत गठन गर्ने सरकारको तयारी छ ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०१/२७

यस कार्यालयबाट मिति २०७५/०३/१४ मा कास्की जिल्ला पोखरा ०७ मा संचालन गर्ने गरि पुतलीबजार-०५ स्याङ्जा निवासी भोजराज थापाको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १४०१४/लघु ७६५/०७४/०७५ को अल्पाइन क्याफे एण्ड रेष्टुरेण्ट नामक प्राईभेट फर्मको प्रोप्राइटरले मिति २०८०/०१/२७ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**


# ढुङ्गामा आकृति खोपेर आकर्षक बनाइँदै ऐनापहरा

**पोखरापत्र संवाददाता**
दमौली, ११ जेठ

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ स्थित ऐनापहराका ढुङ्गामा आकृति खोपर आकर्षकस्थल बनाउने काम भइरहेको छ । ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित गाउँपालिकाले यहाँ रहेका ढुङ्गामा आकृतिक खोप्ने कामलाई अगाडि बढाएको हो ।

पृथ्वीराजमार्ग नजिकै रहेको ऐनापहरामा रहेको झरनामा घुम्न आउने पर्यटक बढेसँगै गाउँपालिका यसको प्रवर्द्धनमा जुटेको हो । गत माघ महिनादेखि यहाँका ढुङ्गामा विभिन्न आकृति खोप्ने काम चलिरहेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यसै रहेका ढुङ्गालाई कलात्मक बनाएर पर्यटकलाई थप आकर्षित बनाउन यो कामलाई अगाडि बढाइएको छ ।" हालसम्म गणेश र आमाले बच्चा लिएको आकृति खोप्ने काम सकिएको छ । पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यसहित ऐनापहरामा उद्यान निर्माणको कामलाई अगाडि बढाइएको अध्यक्ष चुमानको भनाइ छ । गाउँपालिकाले स्थानीय कालीगढलाई यस कामका लागि प्रयोग गरेको छ ।

ऐनापहरामा उद्यान निर्माणका लागि चालु आर्थिक वर्षमा रु एक करोड ४० लाख बजेट विनियोजन गरिएको छ । "ऐनापहरालाई तनहुँको मात्र नभइ गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने सोच राखेका छौ," उहाँले भन्नुभयो, "सोही बमोजिम अहिले भइरहेको ठाउँलाई थप आकर्षण बनाउन काम सुरु भएको छ ।" गण्डकी प्रदेशको प्रवेशद्वारमा रहेको ऐनापहरामा मनमोहक झरना छ। कलकल बगेको पानी, हरियाली जङ्गल । खोंचबाट झरेको पानीले ऐनापहरा झरना पुग्ने जो कसैको पनि मन लोभ्याउँछ ।

थकित मुद्रामा यहाँ पुग्नेहरु आनन्दित भएर फर्किन्छन् । पृथ्वीराजमार्गबाट एक मिनेटको दूरीमा पुगिने ऐना पहरा झरना आकर्षक पर्यटकीय स्थलको रुपमा विकास हुँदै गएको छ । राजमार्ग भएर यात्रा गर्ने सर्वसाधारणको विश्रामस्थलको रुपमा पनि ऐना पहरा झरना विकास भइरहेको आँबुखैरेनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले बताउनुभयो । काठमाडौँ, चितवनबाट पोखरातर्फ आउने र पोखरातर्फ यात्रा गर्ने सर्वसाधारण सवारीसाधन रोकेरै ऐनापहरा झरनामा रमाउने गरेका छन् । गाउँपालिकाले यस ठाउँमा स्काइ साइक्लिकिङ, सिसाको पुल बनाउने योजना अगाडि सारेको छ । सर्वसाधारणको सुविधाका लागि शौचालय गतवर्ष नै निर्माण भइसकेको छ । गर्मी मौसमका बेला झरनामा नुहाउन, थकान मेटाउन, भिडिओ, टिकटक बनाउन सर्वसाधारणको भीड लाग्छ। तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउढी खोलाको पानी बगेर झरनामा मिसिएको छ । ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ । यस ठाउँलाई व्यवस्थित गर्न डिपीआर अनुसार रु दश करोड बजेट आवश्यक पर्छ । विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) अनुसार यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङ लगायतका संरचना निर्माण गर्ने उल्लेख छ ।


## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**प्रकाशित मिति : २०८०/०२/१२**

यस नवीन बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जना समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत आफुले बुझाउनुपर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज एवं हर्जना तथा अन्य दै-दस्तुर रकम बुझाउनु हुन यो सूचना जारी गरिएको छ । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको चल/अचल श्रीसम्पतिबाट सहकारी ऐन, नियमावली तथा संस्थाको विनियम एवं ऋण नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित ऋणी सदस्य तथा धन जमानत दिने सदस्यहरुलाई यसै सुचना मार्फत सूचित गरिन्छ ।

**तपशिल :**

| ऋणीको नाम र ठेगाना | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|
| **नाम : प्रमिला श्रेष्ठ**<br>बुबाको नाम : पुर्णमान श्रेष्ठ<br>बाजेको नाम : डिल ब. श्रेष्ठ<br>नागरिकता नं.: ४६३००१।१६४८<br>जारी मिति र स्थान : २०६३।१०।२९, कास्की | पोखरा उ.म.न.पा वडा नं.१, कास्की<br>कित्ता नं.: १२६<br>क्षेत्रफल : ६४ बर्ग मिटर |

**मिति २०८०/०२/११ गते सम्मको लेना रकम** रु.२२,९७,९२४।- **(अक्षरुपी बाईस लाख सन्तानब्बे) हजार नौ सय चौबिस मात्र**

**नवीन बचत तथा ऋण सहकारी संस्था लि.**
**NAVIN SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD**
**पोखरा ४, गैह्रापाटन**
**फोन नं. ०६१ ५७४१८३, ०६१ ५७४१७८**